वीरेन्द्रनगर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

वीरेन्द्रनगर, सुर्खेत

कर्णाली प्रदेश, नेपाल

मिति २०८०।०३।०८ गतेको २३ औं कार्यपालिका बैठकको निर्णयहरु

निर्णय न. १: यस अघिका कार्यपालिका बैठकका निर्णयको कार्यान्वयन अवस्थाबारे बैठकमा छलफल गरियो। कार्यान्वयन हुन बाँकी निर्णयहरुलाई सिघ्र कार्यान्वयन गर्दै जाने ।

निर्णय न. २: बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको यस नगरपालिकाको आय व्यय तथा वित्तिय व्यवस्था (त्रिवर्षिय प्रक्षेपण एंव मध्यकालिन खर्च संरचना सहितको बजेट) आजको बैठकमा पेश भई छलफल गरियो । छलफलमा प्राप्त सुझावहरुलाई समावेश गरी स्वीकृतीका लागि आगामी नगरसभाको बैठक समक्ष पेश गर्ने ।

निर्णय न. ३: बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट आगामी आर्थिक वर्ष ०८०।८१ का लागि पेश भएको विभिन्न गैर सरकारी संघ संस्थाका कार्यक्रमहरु स्वीकृतीका लागि आगामी नगरसभाको बैठक समक्ष पेश गर्ने।

निर्णय न. ४: बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको यस नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को विनियोजन विधेयक आजको बैठकमा पेश भई छलफल गरियो। छलफलमा प्राप्त सुझावहरुलाई समावेश गरी स्वीकृतीका लागि आगामी नगरसभाको बैठक समक्ष पेश गर्ने।

निर्णय न. ५: वडा न. ७ वडा कार्यालयको स्वीकृत वार्षिक कार्यक्रम टोल विकास समितिका पदाधिकारीहरुको क्षमता अभिवृद्धी अन्तर्गत मिति २०७९।०९।२२ देखी ९।२३ सम्म भएको भ्रमण कार्यक्रमका समयमा भ्रमण टोलीका सदस्य श्री लक्ष्मी कुमारी शाहीको मिति २०७९।०९।२३ गते जिल्ला दाङ, तुलसीपुर उपमहानगरपालिका, वडा न. ५, बसपार्क स्थित वसपार्कबाट सुर्कोरा तर्फ जाँदै गरेको नम्बर नखुलेको मोटरसाईकलले ठक्कर दिँदा घाईते भएको सन्दर्भमा निजलाई उपचार गरे वापत वडा समितिले सिफारिस गरे बमोजिम रु. १,२६,६९१।- (एक लाख छब्बिस हजार छ सय एकानब्बे रुपैया मात्र।) आर्थिक सहायता चालु आर्थिक वर्षको ख.शि.न २७६१२ राहत उद्धार (पुर्नस्थापना आ.स) बाट खर्च लेख्ने गरी भुक्तानी दिने ।

निर्णय न. ६: कर्णाली प्रदेश फुटबल महासंघबाट राष्ट्रिय खेलकूदका लागि खेलाडीलाई तयार गराउनका लागि आवश्यक कार्य संचालन तथा व्यवस्थापन गर्न अनुदान माग भई आएकाले सामाजिक विकास तर्फ नगर युवा तथा खेलकुद प्रवर्द्धन शिर्षकबाट रु.२ लाख अनुदान उपलब्ध गराउने।

२०८०।३।८

२०८०।३।८

निर्णय न.७ : स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १३ बमोजिम यस नगरपालिकाले आफ्नो नगर क्षेत्र भित्रको निर्माण कार्य तथा अन्य सेवाको प्रयोजनको लागि निर्माण सामग्री, ज्याला, भाडा तथा महशुलको स्थानीय न्यूनतम दररेट निर्धारण सम्बन्धी मापदण्ड २०८० स्वीकृत गर्ने ।